# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स) महाशाखा

## सानोठिमी, भक्तपुर

# टेक्स विद्यालयहरुको जरुरी सुचना

**सुचना प्रकाशन मिति २०८१।११।१०**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट बिभिन्न मितिमा प्रि डिप्लोमा (साविक प्राविधिक एस.एल.सी.) तथा डिप्लोमा कार्यक्रम सम्बन्धन/स्वीकृति प्राप्त गरेका सामुदायिक विद्यालयहरुमा प्राविधिक शिक्षा कार्यक्रम (TECS) सञ्चालन गरेका विद्यालयमध्ये केहि विद्यालयहरुले एक वा एक भन्दा बढी कार्यक्रमको सम्बन्धन/स्वीकृति लिएको र सम्बन्धन स्वीकृति प्राप्त कार्यक्रम मध्ये केहि कार्यक्रम सञ्चालन गरेको र केहि कार्यक्रमहरु सञ्चालन नै नगरेको पाइएकोले र केहि विद्यालयहरुले विगत तिन बर्ष अगाडिबाट नै सम्बन्धन/स्वीकृति प्राप्त गरेको भएता पनि तिन वटा शैक्षिक सत्र व्यतित हुँदा समेत कार्यक्रम सञ्चालन नगरेको पाइएको। त्यसैगरी केहि टेक्स विद्यालयहरुले आफुले पाएको सम्बन्धन/स्वीकृति रद्द गर्न परिषद्का प्रदेश कार्यालयहरुमा जानकारी दिएको, केहि टेक्स विद्यालयहरुमा विद्यार्थी भर्ना क्षमताको पच्चिस प्रतिशत भन्दा कम बिद्यार्थी भर्ना गराई पठनपाठन गराउँदा प्रशिक्षक व्यवस्थापन र प्रयोगात्मक अभ्यासमा प्रभावकारिता नभएको भनि गुनासो समेत आएको सन्दर्भमा त्यस्ता टेक्स विद्यालयहरुको कार्यक्रम सञ्चालन सम्बन्धमा 'सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम स्थगन, परिवर्तन, समायोजन, हस्तान्तरण र सम्बन्धन रद्द सम्बन्धि कार्यविधि –२०७९' साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद पुनर्संरचना सम्बन्धि प्रतिवेदन २०८१ को सुझाव समेतका आधारमा आफुले सम्बन्धन/स्वीकृति लिएका शैक्षिक कार्यक्रमहरु मध्ये हाललाई स्थगन वा सम्बन्धन रद्द गर्न चाहने टेक्स बिद्यालयहरुले परिषद्को वेवसाइड **www.ctevt.org.np** मा राखिएको उक्त कार्यविधि अध्ययन गरी कार्यविधिको अनुसुची १ बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्णय र स्थानीय तहको सिफारिस साथ सम्बन्धित प्रदेश कार्यालयमा यो सूचना प्रकाशित मितिले तिन महिना (२०८२।०२।०९) भित्र आवश्यक कागजात सहित निवेदन दिनु हुन अनुरोध गरिन्छ। साथै परिषद् प्रदेश कार्यालयहरुले उक्त कार्यविधि बमोजिम टेक्स विद्यालयहरुलाई आवश्यक समन्वय गर्न हुन समेत यसै सूचना बमोजिम जानकारी गराइन्छ।

**निर्देशक– टेक्स महाशाखा**